# "गैंडाकोट नगरपालिका नगर प्रहरी पदपूर्ति सम्बन्धी कार्यविधि, २०८०"

गैंडाकोट नगरपालिकाको नीति, नियम, निर्णय, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजीकरणका लागि सुरक्षा, संरक्षण, व्यवस्थापन, नियन्त्रण, खोजी उद्धार राहत तथा पुनर्स्थापना गर्न गैंडाकोट नगरपालिकाद्धारा जारी गरिएको नगर प्रहरी ऐन, २०७९ को दफा ९ बमोजिमको अधिकार प्रयोग गरी रिक्त रहेका विभिन्न पदहरुमा पदपूर्तिका लागि गैंडाकोट नगरपालिका नगर प्रहरी पदपूर्ति सम्बन्धी कार्यविधि, २०८० बनाईएको छ।

१.नामः- यस कार्यविधिको नाम " गैंडाकोट नगरपालिका नगर प्रहरी पदपूर्ति सम्बन्धी कार्यविधि, २०८० रहेको छ।

२. पदपूर्तिको कार्यतालिकाः-

१.गैंडाकोट नगरपालिका नगर प्रहरी ऐन, २०७९ को दफा ३ को उपदफा ६ बमोजिमका पदहरुमा पदपूर्तिका लागि नगर प्रहरी भर्ना गर्ने सम्बन्धी १५ दिने सूचना प्रकाशन गर्ने।

२. दरखास्त दिने अन्तिम मितिको कम्तिमा ७ (सात) दिनको समय निर्धारण गरी नगर प्रहरी छनौट परीक्षा संचालन गरिनेछ।

३. पाठ्यक्रमः-

गैंडाकोट नगरपालिका नगर प्रहरी नियमावली, २०८० नियम ८ मा भएको व्यवस्था बमोजिम नगर प्रहरीको छनौट गर्न संचालन गर्ने छनौट परीक्षा देहाय बमोजिम छनौट परीक्षा संचालन गरिनेछ।

क) शारीरिक सीप परीक्षणः-

१. शारीरिक परीक्षणको कुल अंकभार ५० अंकको रहेको छ। शारीरक परीक्षणको कुल अंकलाई देहाय बमोजिम बिभाजन गरिएको छ।

| क्र.सं. | शारीरिक सीप परिक्षण शिर्षक | अंक भार |
|---|---|---|
| १. | सेट अप | १० |
| २. | पुस अप | १० |
| ३. | चिन अप | १० |
| ४. | दौड | २० |

२. दफा (१) बमोजिम विभाजन गरिएको शारीरिक परीक्षणको अंकभार देहाय बमोजिम निर्धारण गरिएको छ।

टुक प्रसाद काफ्ले
प्रशासन शाखा प्रमुख

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

क) सेट अप, पुस अप र चिन अपको अंक भार देहाय बमोजिम हुनेछ।

| क्र.स. | शारीरिक परीक्षण शिर्षक | संख्या (पटक) | प्रति पटक अंक | जम्मा अंक भार |
|---|---|---|---|---|
| १. | सेट अप | १० | १ | १० |
| २. | पुस अप | १० | १ | १० |
| ३. | चिन अप | ५ | २ | १० |

तर माथि जुन सुकै कुरा उल्लेख भएता पनि महिलाको हकमा चिन अप गर्दा तीस सेकेन्ड सम्म झुण्डिएमा पास भएको मानिनेछ।

ख) दौडको अंक भार देहाय बमोजिम हुनेछ।

| क्र.स. | पद | पार गर्नुपर्ने जम्मा दुरी | समय | अंक भार |
|---|---|---|---|---|
| १. | नगर प्रहरी सहायक निरीक्षक | २ कि.मि. | १५ मिनेट | १५ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पार गर्ने उम्मेद्वारलाई एक अंकका दरले अंक थप गरिने छ। |
| २. | नगर प्रहरी हवल्दार (पुरुष) | २ कि.मि. | १५ मिनेट | १५ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पार गर्ने उम्मेद्वारलाई एक अंकका दरले अंक थप गरिने छ। |
| ३. | नगर प्रहरी हवल्दार (महिला) | १.५ कि.मि. | १४ मिनेट | १४ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पार गर्ने उम्मेद्वारलाई एक अंकका दरले अंक थप गरिने छ। |
| ४. | नगर प्रहरी जवान (पुरुष) | २ कि.मि. | १३ मिनेट | १३ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पार गर्ने उम्मेद्वारलाई एक अंकका दरले अंक थप गरिने छ। |
| ५. | नगर प्रहरी जवान (महिला) | १.५ कि.मि. | १२ मिनेट | १२ मिनेटमा पार गर्ने उम्मेद्वारलाई ८ अंक प्रदान गरिने छ। प्रति ३० सेकेन्ड अगाडी पार गर्ने उम्मेद्वारलाई एक अंकका दरले अंक थप गरिने छ। |

ख) लिखित परीक्षा:-

लिखित परीक्षाको कुल अंकभार ५० अंकको रहेको छ। दुई अंकभार भएका २५ ओटा वस्तुगत प्रश्नहरु सोधिनेछ। गलत उत्तरको Negative marking (नकरात्मक अंक) गरिने छैन। लिखित परीक्षाको लागि देहाय बमोजिमको पाठ्यक्रम निर्धारण गरिएको छ।

१) सामान्य ज्ञान

- भूगोल:- राष्ट्रिय भूगोल, स्थानीय भूगोल
- समसामयिक
- राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक पक्ष

२) गणित सम्बन्धी सामान्य जानकारी

३) सेवा सम्बन्धी ( नगर प्रहरीको गठन, काम कर्तव्य र अधिकार)

ग) अन्तर्वार्ता:- लिखित परीक्षाको कुल अंकभार ४० अंक निर्धारण गरिएको छ।

घ) स्थानीय वासिन्दालाई अंक:- स्थानीय वासिन्दा ( गैंडाकोट नगरपालिकामा स्थाई वसोबास भएका व्यक्ति) लाई १० अंक निर्धारण गरिएको छ।

४. आमन्त्रित गर्न सकिने:- नगर प्रहरीको परीक्षा संचालन गर्दा आवस्यकता अनुसार विषय विज्ञलाई आमन्त्रित गर्न सकिने छ।

५. खारेजी:- पदपूर्ति प्रकृया समास भए पश्चात यो कार्यविधि खारेज हुने छ। आवस्यकता बमोजिम परीक्षाको लागि Referene को रुपमा लिन सकिने छ।

टुक प्रसाद काफ्ले
प्रशासन शाखा प्रमुख

मिति: २०८०/०५/२४

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत